**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - १३**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ जेठ १५ गते बुधबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको तेह्रौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **अपरान्ह ६:४० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. युवराज खतिवडा**लाई आगामी आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानको प्रति टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आगामी आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथि छलफल गर्न र माननीय अर्थमन्त्रीबाट जवाफ दिनको लागि मिति २०७६ जेठ २१ गते देखि २३ गते सम्मका दिनहरू निर्धारण गरिएको व्यहोरा जानकारी गराउँदै उक्त छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूलाई बैठक शुरु हुनु अगावै दलीय आधारमा कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा नाम उपलब्ध गराइदिन जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल जेठ २१ गते मंगलबार विहान ११:०० बजे** बस्ने गरी **अपरान्ह ६:४५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव